**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- देशमा पेट्रोल, डिजल,खाना पकाउने एलपीजी ग्यासको कुनै कमी नरहेको केन्द्र सरकारले भनेको छ।

- दार्जीलिङ पहाड़मा एलपीजी गैसको आपूर्तीमा असुविधा नहोस भन्ने उद्देश्यले बीजीपीएम खरसांगा एसडीओ र दार्जीलिङ डिएम सित भेट गनग सक्नेछ।

- चुनाव आयोगका फ्लाईंग स्क्वाड टिमहरूले विधान सभा चुनावहरू हुन गइरहेका राज्यहरूबाट ४०० करोड़ रूपियाँ भन्दा बढ़ी राशि जफ्रत गरेको छ।

- भगवान श्री रामको जन्मोत्सव आज पनि धुमधामसित देशका विभिन्न भगहरूमा विशाल शोभायात्राहरूको साथ पालन गरिन्दैछ।

- पश्चिम बंगाल विधानसभा चुनावको मध्यनजर बंगलादेशसितको क्षेत्रको सुरक्षालाई लिएर बीएसएफ इस्टर कमानका प्रमुखले राज्यपाल आर.एन रवी सित हिजो लोकभवनमा भेट गरे।

- दार्जीलिङ अन्डर - २० फूटबल चैप्यिनशीपमा भारत पुग्यो सेमी फाइनल मा।

- दार्जीलिङ पहाड़मा आगामी एक साता समम वष्र्णको अनुमान।

**संशो. सरकार - एलपीजी (वायस ओवर)**

केन्द्र सरकारले भनेको छ कि भारतसित जम्मा 74 दिनका लागि आरक्षित क्षमता छ तथा कच्चा तेल, उत्पाद भंडार र भूमिगत भंडारहरूमा बनेको विशेष कार्यनीतिक भंडारणलाई मिलाएर वास्तविक स्टॉक लगभग 60 दिनका लागि उपलब्ध छ। पेट्रोलियम तथा प्राकृतिक गैस मंत्रालयले दोहोर्याउँदै भनेको छ भारतमा पेट्रोलियम र एलपीजीको आपूर्तिको स्थिति पूर्ण रूपले सुरक्षित र नियंत्रणमा छ। मंत्रालयले भनेको छ सबै खुदरा ईंधन दोकानहरूमा पर्याप्त आपूर्ति छ अनि देशमा कांहीं पनि पेट्रोल, डीजल या एलपीजीको कमी छैन। सुन्नु होस एक रिपोर्ट ....

**.............बाइट......**

**खरसांग एलपीजी गैस**

खरसांगमा खाना पाकाउने एलपी गेस का लागिमानिसहयले भेगी रहेको समस्यलाई लिएर भरतीय गोखा प्रजातांत्रिक मोर्चाका नेताहरू श्याम शेर्पा र सुभाष प्रधानले रोशल ग्यास एजेन्सीका मालिकसित भेट गरी समस्याका कारणहरू बुझ्न प्रयास गरे।

बाईट

**ईलेक्शन सिज**

पाँच राज्यहरू तथा अन्य उप-चुनावहरूको बेला चुनाव ओागको फ्लाईंग स्कवाडहरूले अहिलेसम्‍ ४०० करोड़ रूपियाँ भन्दा बढ़ी राशि जफ्रत गरेको छ। आगामी २३ तथा २६ अप्रेलको दिन पश्चिम बंगाल , असमा तामिलनाडु र अन्य कैंयन केन्द्रशासित प्रदेश पुडुचेरी विधानसभाका साथ अन्य कैयन राज्यहरूमा विधानसभको उपचुनाव गरिन्दैछ। मतगणना ४ मईको दिन एक साथ गराईनेछ।

**रामनवमी सिलगड़ी दार्जीलिङ**

आज पनि देशका विभिन्न भागहरूमा श्री रामको जन्मोत्सव पालन गरिन्दैछ।

बाईट

दार्जीलिङ खरसांग र सिलगड़ी लज्यका विभिन्न भागहरूमा आज पनि भव्य रूपमा श्री रामनवमी पर्व पालन गरिनेछ। यसअवसरमा लाखैं मानिसहरूले हष्र उल्लास र जोशका साथ रामनवमी शोभायात्राहरूमा गाजाबाजा र झण्डहरूका साथ सामेल हुनेछन्। शोभायात्राहरूलाई राम्रोसित सम्पन्न गराउन पुलिसले कड़ा सुरक्षा व्यवस्था गरेको छ। सिलगड़ीको शोभायात्रामा हजारौं मानिसहरू सामावेश हुने कुरा आयोजकहरूले बताएको छन्।

**पश्चिम बंगाल-विधानसभा चुनाव**

आगामी विधानसभा चुनावको मद्देनजर, पश्चिम बंगालका राज्यपाल रबींद्र नारायण रविसित हिजो कोलकातामा सीमा सुरक्षा बल-बीएसएफको पूर्वी कमानका प्रमुख सुमित शरणले भेट गर्नु भयो। लोक भवनमा आयोजित यस बैठकमा सीमा सुरक्षाको वर्तमान स्थिति, तैनाती योजनाहरू र चुनावहरूको बेला कानून व्यवस्था बनाई राख्नका लागि बीएसएफको तैयारिहरूबारे विस्तृत विचार-विमर्श गरियो। राज्यपालले बीएसएफको तैयारिहरूको स्तरमाथि संतोष व्यक्त गर्नु भयो।

**केएसडीसीले छ सीटहरुमा उम्मीदवार उतारे**

विधानसभा चुनाव- 2026 भन्दा पहिले पश्चिम बंगालको राजनीतिमा एक नया मोड़ आएको छ। क्षेत्रीय संगठन कामतापुर राज्य मांग परिषद (केएसडीसी) ले जिल्लाका सबै छ विधानसभा सीटहरुमा आफ्नो उम्मीदवारहरुको घोषणा गरेको छगंगारामपुरमा आयोजित एक पत्रकार सम्मेलनमा संगठनका जिलाध्यक्ष रुबेल सरकारले उम्मीदवारहरुको नामहरुको घोषणा गरेको छ । पार्टीले कुशमंडी, कुमारगंज, बालुरघाट, तपन, गंगारामपुर र हरिरामपुर सीटहरुमा आफ्नो प्रत्याशी उतारेका छन् ।

**टोटोसितको टकरावमा बाइक सवारको मृत्यु**

नक्सलबाड़ीमा भएको सड़क दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक अन्य गंभीर रूपले घाइते भएको खबर प्राप्त भएको छ । मृतकको नाम राज खेरवार हो भने , घाइते युवकको नाम शुभम विश्वकर्मा हो ।दुवै सातभैया क्षेत्रका निवासी बताइएको छ । यो घटना पानीघाटा-नक्सलबाड़ी राज्य सड़कमा बाबूपाड़ा क्षेत्रमा हिज घटेको हो ।

प्राप्त जानकारी अनुसार, पानीघाटा तर्फ आइरहेको एक मोटरसाइकिल सड़क किनारमा रहेको टोटो सिट टकराएको थियो। जसले गर्दा बाइकमा सवार दुवै युवक सड़कमा लडेका थिए ।

घाइतेहरुलाई नक्सलबाड़ी अस्पताल लागिएको थियो , जहां डॉक्टरहरुले राज खेरवारलाई मृत घोषित गरे भने , दोस्रो युवक शुभम विश्वकर्माको उपचार जारी छ । घटनाको सूचना प्राप्त हुन् साथै पुलिसले टोटो र मोटरसाइकिललाई जफत जब्त गरि मामिलाको जांचमा जुटेका छन् ।

**वामफ्रंटले सात थप सीटहरुमा आफ्नो उम्मीदवारहरुको नाम गरे घोषित**

पश्चिम बंगाल विधानसभा चुनावको लागि वामफ्रंटले हिज सात थप सीटहरुमा आफ्नो उम्मीदवारहरुको नामहरुको घोषणा गरेको छ । यसभन्दा पहिले वामफ्रंटले तीन चरणहरुमा कुल 239 सीटहरुमा उम्मीदवार

घोषित गरेका थिए । घोषणा पछि वामफ्रंटले अब कुल 246 सीटहरुमा आफ्नो उम्मीदवारहरु मैदानमा उतार्नेछन् ।

घोषित उम्मीदवारहरुमा जंगीपुर सीटबाट माकपाका उम्मीदवार अलोक कुमार दास, रघुनाथगंजबाट अबुल हसनात, नाकाशीपाड़ाबाट शुक्ला साहा, रानाघाट उत्तर पश्चिमबाट देवाशिष चक्रवर्ती, रानाघाट उत्तर पूर्व (एससी) बाट मृणाल विश्वास, एगराबाट सुब्रत पांडा र मयूरेश्वरबाट जयंत वल्ला शामेल छन्।

**बंगभूषण' कलेंद्रनाथ मांडी भाजपामा शामेल**

डायन कुप्रथाको विरुद्ध लामो समयदेखि संघर्ष गर्ने संथाली लेखक एवं साहित्यकार कलेंद्रनाथ मांडीले हिज तृणमूल कांग्रेस त्यागेर भारतीय जनता पार्टी (भाजपा) मा शामेल भएका छन्।

**धैरै वर्षपछि महानदीसम्म आइपुग्यो मालगाडी**

दार्जिलिङ पहाडमा कुद्ने धैरै पुरानो दार्जिलिङ हिमालयन रेलवेको मालगाडी ट्रायल अन्तर्गत तीनधारेदेखि महानदी रेलवे स्टेशनसम्म आइपुगेको छ । ट्रायलको क्रममा महानदीसम्म आइपुगेको मालगाडीको दुईवटा डिब्बा 1943 र 1944 सालमा तीनधारेमा बनिएको जानकारी प्राप्त भएको छ। मालगाडीको दुईवटा डिब्बा लिएर आएको वाष्पचालित इञ्जिन पनि 1925 सालमा तीनधारेमा बनिएको बताइएको छ।

**फुटबल – SAFF**

वर्तमान च्याम्पियन भारतले हिजो दक्षिण एसियाली फुटबल महासंघ (SAFF) अन्डर-२० च्याम्पियनसिपमा पाकिस्तानलाई ३-० ले पराजित गर्दै आफ्नो अभियानको बलियो सुरुवात गरेको छ। यो जितसँगै भारत च्याम्पियनसिपको सेमिफाइनलमा पुगेको छ, यस यस पराजयका साथ पाकिस्तान प्रतिस्पर्धा देखि बाहिरिएको छ।भोलि समूह बी को सेमिफाइनल खेलमा भारतको मुकाबिला बंगलादेशसित हुने छ।

**मौसम**

मौसम विभाग अनुसार उत्तर बंगालका पाँच जिल्लाहरु —दार्जिलिंग, कलिम्पोंग, कूच बिहार र अलीपुरद्वार—मा मेघगर्जनको साथ बर्षा हुने संभावना व्यक्त गरेको छ। 28 मार्च देखि शुरू भएर अघिल्लो छ दिनहरुसम्म —हरएक जिल्लाहरुमा हल्का देखि मध्यम बर्षा जारी रहने आशंका गरिएको छ।आज बिहान , कोलकातामा न्यूनतम तापमान 25.8 डिग्री सेल्सियस दर्ता गरियो , जो सामान्य भन्दा 1.2 डिग्री अधिक हो।

****** ० ******